# शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४) झापा, फाल्गुण ३ गते, २०७७ साल (संख्या २**

**भाग १**

## शिवसताक्षी नगर संस्था दर्ता ऐन, २०७७

**प्रस्तावना :**

शिवसताक्षी नगर क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, आर्थिक, बौद्धिक, पर्यावरण, खेलकुद एवं विकास सम्बन्धी काम गर्ने संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिम दर्ता भएका संघ संस्थाहरुको भूमिकालाई प्रभावकारी, जवाफदेही र आर्थिक पारदर्शी वनाउदैं नगरको प्राथमिकताका क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ (ठ) वमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम शिवसताक्षी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** १) यो ऐनको नाम **"शिवसताक्षी नगर संस्था दर्ता ऐन, २०७७"**रहेको छ ।

२) यो ऐन तुरुन्त लागूहुनेछ ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

शिवसताक्षी नगरपालिका, झापा

**क) "अन्तर्राष्ट्रिय गैर सरकारी संस्था"** भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून वमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

**ख) "कार्य समिति"** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समितिलाई सम्झनु पर्दछ ।

**ग) "तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**घ) "दातृ निकाय"** भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून वमोजिम सहयोग गर्ने द्विपक्षीय तथा वहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

**ङ) "नगरपालिका"** भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्दछ ।

**च) "नगरसभा"** भन्नाले शिवसताक्षी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

**छ) "न्यायिक समिति"** भन्नाले स्थानीय सरकार सञ्चलन ऐनको परिच्छेद ८ को दफा ४६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**ज) "विधान"** भन्नाले संस्थाको विधानलाई सम्झनु पर्दछ ।

**झ) "स्थानीय अधिकारी"** भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजलेले तोकेको अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

**ञ) "संस्था"** भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास, प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, अध्ययन केन्द्र जस्ता मुनाफा रहित गैर सरकारी सस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२
## संस्था दर्ता, सञ्चालन तथा गठन

**३. संस्थाको दर्ता, सञ्चालन र सूचीकृत सम्वन्धी व्यवस्था :**

१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने नेपाली नागरिक सात जना वा सो भन्दा बढी व्यक्तिहरुले देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको २ (दुई) प्रति र तोकिएको दस्तुर सहित तोकिएको अधिकृत समक्ष निवेदन दिनु पर्नेछ

क) संस्थाको नाम,
ख) उद्देश्यहरु,
ग) संस्थाको कार्यक्षेत्र र विषय,

शिवसताक्षी नगरपालिका, झापा

घ) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र तिन पुस्ते विवरण,
ङ) स्रोत साधन सम्वन्धी विवरण,
च) कार्यालय रहने स्थान,
छ) पदाधिकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
ज) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न मनासिव देखिएमा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनेछ ।

**४. दर्ता नगरी संस्था खोल्न नहुने :**

१) यस ऐन बमोजिम शिवसताक्षी नगरपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाउने छैन ।

२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस नगरपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र विस्तार गर्दा यस नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३) स्वीकृति नलिने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

**५. सूचीकृत गर्नु पर्नेः**

१) प्रचलित कानून वमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरु यस ऐन वमोजिम दर्ता/सूचीकृत हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिनुपर्नेछ ।

२) संस्था दर्ता वा सूचीकृत गर्दा संस्थाको उद्देश्य र कामको प्रकृतिका आधारमा तोकिए बमोजिम वर्गीकरण गरिनेछ ।

६. यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता, सूचीकृत प्रकृया, नवीकरण र दस्तुर तोकिए बमोजिम हुनेछ ।

**७. संगठित संस्था मानिने :**

१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

२) सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेच विखन गर्न सक्नेछ ।

४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

## परिच्छेद-३
## सहकार्य तथा सम्पत्ति

८. **संस्थासँग सहकार्य सम्वन्धी व्यवस्थाः** तोकेको वा स्वीकृत गरेको कुनै क्षेत्रमा काम गर्न प्रचलित कानूनको अधीनमा रही संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ र सहकार्य सम्वन्धी विधि प्रक्रिया र शर्त तोकिए वमोजिम हुनेछ ।

**९. संस्थाको सम्पत्तिः**

१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्न सक्नेछ ।

२) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

३) उपदफा (२) वमोजिम सम्पत्ति फिर्ता गर्न, गराउन स्थानीय अधिकारीले वा तोकिएको अधिकृतले आदेश दिन सक्नेछ ।

४) उपदफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले वा तोकिएको अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछ ।

५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठाविरुद्ध कुनै गैर कानूनी कार्य गरेमा संस्था, संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**१०.संस्था गाभिने वा उद्देश्यमा हेरफेर गर्न सकिने :**

१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को संस्थासँग गाभिन उचित देखेमा कार्यसमितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२) साधारण सभा संचालनका लागि आवश्यक उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृत लिनु पर्नेछ ।

३) नगरपालिकाले गाभिएको संस्थालाई जुन नाम राखी गाभिएको वा दुई नाम मध्ये एक नाम मात्र कायम भएको नामलाई नगरपालिकाले प्रमाणित गरी अध्यावधिक गरी राख्नु पर्नेछ ।

**११. हिसाबको विवरण पेश तथा नवीकरण गर्नु पर्ने :** कार्य समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण र लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नगरपालिका समक्ष पेश गर्नु पर्नेछ र आ.व. समाप्त भएको ३ महिना भित्र लेखापरीक्षणको प्रतिवेदन सहित संस्था नवीकरण गर्नु पर्नेछ । नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. हिसाब जाँच गर्ने:**

१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफुले वा आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्वारा जाँच गर्न, गराउन सक्नेछ ।

२) हिसाब जाँच गर्ने कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

३) हिसाब जाँच गर्ने कर्मचारीले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेस गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिएमा स्थानीय अधिकारीले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनी सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

शिवसताक्षी नगरपालिका, झापा

## परिच्छेद-४
## दण्ड, सजाय तथा विविध व्यवस्था

**१३.दण्ड र सजायः**

१) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका पदाधिकारी तथा सदस्यहरुलाई स्थानीय अधिकारीले जनही २ (दुइ) हजार रुपैया सम्म जरीवाना गर्न सक्ने छ ।

२) दफा ११ बमोजिमको विवरण पेश नगरेमा कार्य समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले ५ (पाँच) सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

३) दफा १० को उपदफा (३) बमोजिम हिसाबजाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

४) दफा १० बमोजिम नगरपालिकाको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभ्ने, गाभिने गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१४.पुनरावेदनः**

१) स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र न्यायीक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२) नगर न्यायीक समितिले ६० दिन भित्र पुनरावेदनका विषयमा टुङ्गो लगाउनु पर्नेछ ।

**१५.संस्थाको विघटनः**

१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा चल अचल सम्पति नगरपालिकाको हुनेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्ने छ तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व नगरपालिकाले संचालकहरुवाट असुल उपर गरिनेछ । संस्थाको दायित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६.अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्वन्धी व्यवस्थाः** कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून बमोजिम शिवसताक्षी नगरपालिका क्षेत्रभित्र कार्य गर्दा शिवसताक्षी नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ र स्वीकृति प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१७.अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा संचालन गर्नुपर्नेछ ।

**१८. ऐन संशोधनः** यो ऐनको आवश्यकतानुसार शिवसताक्षी नगरसभाले संशोधन गर्न सक्नेछ ।

**१९. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

शिवसताक्षी नगरपालिका, झापा

२०. **निर्देशन दिने :** नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्न सम्बन्धित सस्थाको कर्तव्य हुनेछ।

२१. **खारेजी र बचाउः**

१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्था अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानून सँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**आज्ञाले**
**गीताकुमारी राई**
**प्रमुख प्रशासकीय अधिकृत**

शिवसताक्षी नगरपालिका झापा